श्री

# उच्च अदालत तुल्सीपुर, नेपालगञ्ज इजलास

संयुक्त इजलास

माननीय न्यायाधीश श्री टेकप्रसाद ढुङ्गाना

माननीय न्यायाधीश श्री गोकर्ण डाँगी

आदेश

दायरी नम्बरः-०७७-WO-०१६९

रजिष्ट्रेशन नम्बरः-१३-०७७-००९०३

अधिवक्ता सुनिल कुमार श्रेष्ठ समेत ..........................................१ } निवेदक

बिरुद्ध

श्री जिल्ला प्रशासन कार्यालय बाँके समेत ..........................................१ } विपक्षी

मुद्दा :-**परमादेश समेत ।**

अन्तरिम आदेश छलफल प्रयोजनको लागि पेश हुन आएको प्रस्तुत निवेदनमा पेश भएका विवरण समेत अध्ययन गरी निवेदक अधिवक्ताहरु श्री सुनिल कुमार श्रेष्ठ, श्री बसन्त गौतम, श्री सुरेश कुमार गौतम, श्री बिकास आचार्य, श्री प्रभाकर भट्टराई, श्री अमृता के.सी. श्री बलबहादुर चन्द र श्री लोक बहादुर शाह, विपक्षीहरुका तर्फबाट उपस्थित विद्धान उपन्यायाधिवक्ता श्री नबिन कुमार भट्ट र विद्धान अधिवक्ता श्री विश्वजीत तिवारीले गर्नु भएको बहस तथा जिल्ला प्रशासन कार्यालय बाँके, जिल्ला स्वास्थ्य कार्यालय बाँके र भेरी अस्पताल बिकास समितिका प्रतिनिधि समेतले श्रव्य दृश्य संवादको माध्यमबाट गर्नु भएको छलफल समेत सुनियो।

निवेदकहरुले प्रस्तुत निवेदनमा उठाएको विषय जनताको बाँच्न पाउने मौलिक हक तथा स्वास्थ्यको हकसँग सम्बन्धीत अत्यन्त संवेदनशील र आम सार्वजनिक हित र सरोकार रहनुका

साथै कोभिड १९ संक्रमणको रोकथाम, नियन्त्रण र उपचारसँग आबद्ध रहेको र विपक्षी निकायहरु निरन्तर क्रियाशिल भई रहनु पर्ने प्रकृतिको देखिँदा यस अदालतमा यिनै निवेदकहरुले समेत दायर गरेको ०७७-WO-०१६२ को रिट निवेदनमा यस अदालतबाट मिति २०७८।०१।१७ मा जारी भएको अन्तरिम आदेशलाई समेत दृष्टिगत गरी हेर्दा, प्रस्तुत निवेदनमा निवेदकहरुको मागदावी अनुसार उच्च अदालत नियमावली २०७३ को नियम ४२ (१) बमोजिम विपक्षीहरुको नाममा देहाय बमोजिमको अन्तरिम आदेश जारी गरी दिएको छ । तत्काल कार्यान्वयनको लागि यो आदेशको जानकारी विपक्षीहरुलाई पठाई दिनू।

१. नयाँ भेरियन्ट सहितको कोभिड -१९ संक्रमणको अवस्था हाल केही न्यून हुँदै गएको भएपनि तत्काल यसको तेश्रो लहर आउन सक्ने र त्यसबाट मुलतः बालबालिकाहरु धेरै प्रभावित हुन सक्ने भनी विश्व स्वास्थ्य संगठनले विश्वव्यापी रुपमा सचेत गराएको परिप्रेक्ष्यमा बाँके जिल्लामा कोभिड-१९ संक्रमणको तेश्रो लहरको सम्भावित जोखिम र त्यसलाई न्यूनीकरण गर्नको लागि व्यवस्थित रुपमा पूर्व तयारी गर्नको लागि तत्काल अवलम्बन गर्नुपर्ने उपाय र कोभिड-१९ संक्रमण भई निको भएका व्यक्तिहरुमा देखिएको प्रभाव (Post Covid-19 impact) सम्बन्धमा जिल्लामा उपलब्ध जनस्वास्थ्यविद बाल रोग विशेषज्ञ सुरक्षा विद र सीमा व्यवस्थापनको अनुभवी विशेषज्ञ समेत रहेको एक अध्ययन समिति गठन गरी त्यसबाट प्रतिवेदन लिनु र उक्त प्रतिवेदनमा सुझाइएका विषयहरुको व्यवस्थित कार्यान्वयन गर्ने तयारी गर्नु भनी जिल्ला प्रशासन कार्यालय बाँके मा रहेको जिल्ला कोभिड व्यवस्थापन केन्द्रलाई लेखी पठाउनू ।

२. कोभिड-१९ बाट आम नागरिकलाई सुरक्षित गर्ने एक मात्र उपाय खोप रहेको हुँदा नेपाल सरकारका नीति निर्देशनको अक्षरश पालना गरी खोपको आपूर्ति गर्ने र लक्ष्यीत वर्गमा सीमित रहेर व्यवस्थित रुपमा खोप लगाउने कार्यलाई जिल्ला स्वास्थ्य कार्यालय बाँकेले निरन्तरता दिनु। साथै, भारतको सीमासँग नजिक रहेको र विगतमा कोभिड-१९ संक्रमणको चपेटामा परेको यस बाँके जिल्लामा जनअधिकारको क्षेत्रमा फ्रन्टलाइनमा रहेर कार्य गरिरहेका कानून व्यवसायीहरु, मानव अधिकारकर्मीहरु र कोभिड-१९ बाट संक्रमित भई हाल निको भएका नागरिकलाई समेत आगामी दिनमा खोपको

प्राथमिकतामा राखी तत्काल खोप लगाउने व्यवस्था गर्न गराउन नेपाल सरकारसँग यथाशीघ्र पहल गर्नू।

३. विपक्षी भेरी अस्पताल यस लुम्बीनी प्रदेश भित्रको प्रमुख अस्पताल मात्र नभई कर्णाली प्रदेश र सुदुर पश्चिम प्रदेश समेतबाट रिफर भई आउने विरामीहरुको उपचारमा क्रियाशील अत्यन्त जिम्मेवार अस्पतालको रुपमा रहेको हुँदा उक्त अस्पतालको लागि आवश्यक दक्ष जनशक्ति, स्वास्थ्य उपकरण र सबै स्वास्थ्यकर्मीको पर्याप्त सुरक्षाको लागि प्रभावकारी व्यवस्था तत्काल गर्नू गराउनू।

४. बाँके जिल्लामा कोभिड-१९ को संक्रमण हाल केही घटेको भएपनि यस जिल्लामा यसको जोखिम अझै बाँकी रहेकोले सामाजिक दुरी कायम गर्ने, मास्क प्रयोग गर्ने र सेनीटाइजरको प्रयोग गर्ने लगायतका जनस्वास्थ्य सम्बन्धी मापदण्डका नियमहरुलाई कठोर रुपमा पालन गर्ने गराउने कार्यलाई निरन्तरता दिनू।

५. कोभिड-१९ को जोखिम र संक्रमण व्यवस्थापन, उपचार व्यवस्था तथा खोप कार्यक्रम लगायतका विपक्षी निकायबाट भई रहेको आम जन सरोकारका क्रियाकलापको सम्बन्धमा आवधिक रुपमा सम्बन्धित निकायका प्रवक्ता मार्फत जिल्लाबासी समक्ष प्रभावकारी रुपमा सूचना संप्रेषण गर्नु गराउनू। साथै यस कार्यमा स्थानिय तह, सामाजिक संघ संस्था र सञ्चारकर्मीहरुसँग प्रभावकारी समन्वय गरी सहकार्य गर्नु गराउनू।

६. प्रस्तुत अन्तरिम आदेशको कार्यान्वयनको सम्बन्धमा भए गरेका कामकारबाहीको अधावधिक विवरण प्रत्येक महिना यस अदालतमा पठाउने व्यवस्था मिलाउनू ।

२०७८।३।१४।२ न्यायाधीश

२०७८।३।१४।२ न्यायाधीश

इति सम्वत् २०७८ साल असार १४ गते रोज २ शुभम्---------------------।